# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, साउन १६ गते २०४० साल (संख्या १६

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना

**औषधि जाँचबुझ तथा निरीक्षण नियमावली, २०४०**

औषधि ऐन, २०३५ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "औषधि जाँचबुझ तथा निरीक्षण नियमावली, २०४०" रहेको छ ।

(२) यो नियमावली श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले औषधि ऐन, २०३५ सम्झनुपर्छ ।

(ख) "विभाग" भन्नाले औषधि व्यवस्था विभाग सम्झनुपर्छ ।

(ग) "व्यवस्थापक" भन्नाले विभागको प्रमुख सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "निरीक्षक" भन्नाले ऐनको दफा २३ बमोजिमको योग्यता भएको निरीक्षक सम्झनुपर्छ ।

(ङ) "विश्लेषक" भन्नाले ऐनको दफा २३ बमोजिमको योग्यता भई कुनै अनुसन्धान शाला, प्रयोग शाला, अस्पताल, औषधालय वा क्लिनिकमा औषधि विश्लेषण सम्बन्धी काम गरिरहेका व्यक्तिहरूमध्येबाट विभागले तोकेको व्यक्ति सम्झनुपर्छ ।

३. निरीक्षण, जाँचबुझ र खानतलासी गर्न सक्ने: ऐनको दफा २० को उपदफा (१) बमोजिम निरीक्षकले औषधि उत्पादन, बिक्री वितरण वा परिवहन भै रहेको कुनै ठाउँमा गई निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा त्यस्तो ठाउँमा भइरहेको काम, सो काममा लागेका व्यक्तिहरू, सो ठाउँको वातावरण तथा त्यस्तो ठाउँमा देखेका सामग्री, औजार र साधनहरूको निरीक्षण तथा जाँचबुझ गर्न सक्नेछ । निरीक्षकले आवश्यक देखेमा त्यस्तो ठाउँमा खानतलासी पनि गर्न सक्नेछ ।

४. निरीक्षण, जाँचबुझ र खानतलासी गर्ने तरीका तथा कार्यविधि: नियम ३ अन्तर्गत कुनै ठाउँमा गई निरीक्षण, जाँचबुझ वा खानतलासी गर्नको लागि निरीक्षकले सम्बन्धित औषधिधनी वा निजको प्रतिनिधिको अनुमति नलिई निरीक्षण, जाँचबुझ र खानतलासी गर्न पाउनेछैन ।

तर, त्यस्तो अनुमति लिन नसकेको वा अनुमति नदिएको अवस्थामा निरीक्षकले समयले भ्याएसम्म स्थानीय पञ्चायतको एकजना प्रतिनिधि वा नजीकको कुनै सरकारी कार्यालयको एकजना कर्मचारी साक्षी राखी साधारणतया सूर्योदय भएदेखि सूर्यास्त नभएसम्मको अवधिभित्रको जुनसुकै समयमा त्यस्तो निरीक्षण, जाँचबुझ र खानतलासी गर्न सक्नेछ ।

५. औषधि रोक्का राख्न सक्ने: (१) नियम ३ र ४ बमोजिम निरीक्षकले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा कुनै औषधि रोक्का राख्न आवश्यक देखेमा त्यस्तो औषधि सीलबन्दी गरी सम्बन्धित औषधिधनी वा निजको प्रतिनिधिको जिम्मा लगाई रोक्का राख्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षकले रोक्का राखेको औषधि औषधिधनी वा निजको प्रतिनिधिले आफ्नो जिम्मामा लिनु पर्नेछ र त्यसरी जिम्मा लिंदा औषधिधनी वा निजको प्रतिनिधिले त्यसको भरपाई गरी दोहरी एक प्रति निरीक्षकलाई दिनुपर्नेछ ।

६. रोक्का राखेको औषधि जिम्मा नलिएमा कब्जा गर्नुपर्ने: (१) नियम ५ बमोजिम निरीक्षकले रोक्का राखेको औषधि सो औषधिधनी वा निजको प्रतिनिधिलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिम्मा लगाउँदा जिम्मा लिन मन्जूर नगरेमा निरीक्षकले सो औषधि आफ्नो कब्जामा लिनेछ ।

(२) उपनियम (१) बमोजिम कुनै औषधि कब्जामा लिइएमा निरीक्षकले त्यसको भरपाई दिनेछ ।

७. औषधिसँग सम्बन्धित नदेखिएको पदार्थलाई हटाउन सक्ने: (१) निरीक्षकले कुनै ठाउँमा गई निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा सो ठाउँमा औषधिबाहेक अन्य कुनै पदार्थ फेला परेमा त्यसरी फेला परेको पदार्थको प्रयोग बारेमा औषधि-धनी वा निजको प्रतिनिधिले सन्तोषजनक रूपले बताउन नसकेमा र सो पदार्थ औषधिसँग सम्मिश्रण हुने सम्भावना छ भन्ने लागेमा निरीक्षकले त्यस्तो पदार्थलाई अविलम्ब त्यहाँबाट हटाउने आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षकले कुनै पदार्थलाई हटाउने आदेश दिएमा औषधिधनी वा निजको प्रतिनिधिले सो पदार्थ हटाउनु पर्नेछ ।

८. औषधिको नमूना: (१) नियम ३ बमोजिम निरीक्षण, जाँचबुझ तथा खानतलासी गर्दा वा नियम ५ बमोजिम कुनै औषधि रोक्का राख्दा निरीक्षकले त्यस्तो औषधिको नमूना लिनेछ ।

(२) उपनियम (१) बमोजिम औषधिको नमूना लिंदा निरीक्षकले परीक्षण वा विश्लेषण गराउने प्रयोजनको लागि विभागबाट तोकिदिएको मात्रामा नघटाई त्यस्तो औषधिको नमूना लिनु पर्नेछ ।

(३) औषधिको नमूना लिंदा निरीक्षकले त्यस्तो नमूना सम्बन्धित औषधि-धनी वा निजको प्रतिनिधिलाई दिन, परीक्षण वा विश्लेषणको लागि विश्लेषककहाँ पठाउन र विभागमा समेत राख्नको लागि छुटाछुट्टै भाँडोभित्र राखी सीलबन्दी गर्नु पर्नेछ ।

(४) निरीक्षकले यस नियमबमोजिम विश्लेषककहाँ र विभागमा पठाउनको लागि लिएका औषधिको नमूनाहरूको प्रचलित मोलको रकम दिई लिनेछ ।

९. भाँडोलाई सीलबन्दी गर्ने तरीका: निरीक्षकले नियम ८ को उपनियम (३) बमोजिम औषधि राखिएको भाँडोलाई सीलबन्दी गर्दा देहायबमोजिम गरी सीलबन्दी गर्नु पर्नेछ:–

(क) भाँडोभित्र राखिएको औषधिको नाम तथा परिमाण र साँकेतिक संख्या भए सो समेत स्पष्ट अङ्कित हुने गरी सोही भाँडोबाहिर लेख्नुपर्ने,

(ख) भाँडोभित्र राखिएको औषधि चुहिन वा बाहिर आउन नसक्ने गरी बन्द गरी बिर्को लगाउनु पर्ने,

(ग) बिर्को खोल्न नसकिने गरी बिर्को र भाँडो धागोले बाँधी धागो बाँधिएको ठाउँमा सीलबन्दी गर्नुपर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सीलबन्दी नउप्काई भाँडोलाई खोल्न नसकिने गरी सीलबन्दी गर्नु पर्ने ।

१०. सीलबन्दी गर्दा स्पष्ट छाप लगाउनेः (१) निरीक्षकले औषधि राखिएको भाँडो सीलबन्दी गर्दा सो भाँडोको कम्तीमा विभिन्न चार ठाउँमा औषधिधनी वा निजको प्रतिनिधिले र निरीक्षकले आ-आफ्नो नाउँको छाप स्पष्ट रूपले बुझिने गरी सीलबन्दी गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम औषधिधनी वा निजको प्रतिनिधिले सीलबन्दी गरी नदिएमा निरीक्षकले स्थानीय पञ्चायतको कुनै एकजना प्रतिनिधि वा सरकारी कार्यालयको कुनै एकजना कर्मचारी साक्षी राखी सो भाँडोको कम्तीमा विभिन्न चार ठाउँमा आफ्नो नाउँको छाप स्पष्ट रूपले बुझिने गरी सीलबन्दी गर्नु पर्नेछ ।

११. विभागलाई जानकारी दिनु पर्नेः औषधिधनी वा निजको प्रतिनिधिले कुनै भाँडो सीलबन्दी गरी नदिएमा वा सीलबन्दी भएपछि त्यस्तो सीलबन्दी भएको भाँडोको जिम्मा लिन मन्जूर नगरेमा निरीक्षकले सो कुराको जानकारी यथाशीघ्र विभागलाई दिनुपर्नेछ ।

१२. प्रतिवेदनः (१) नियम ३ र ४ बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गरी सकेपछि निरीक्षकले काम सकिएको मितिले तीन दिनभित्र व्यवस्थापक समक्ष लिखित प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरेको प्रतिवेदनमा निरीक्षकले खास गरी देहायका कुराहरू उल्लेख गर्नु पर्नेछः–

(क) त्यस्तो निरीक्षण, जाँचबुझ र खानतलासी गर्नु परेको ठाउँ तथा कारण,

(ख) त्यस्तो ठाउँमा के कस्तो औषधि फेला परेको तथा सो औषधिसित सम्बन्धित के कस्तो सामग्री, औजार तथा साधन प्रयोग भएको छ र के कस्तो फर्मासिष्ट, व्यवसायी तथा व्यक्तिहरू त्यस्तो औषधिको उत्पादन बिक्री वितरण, परिवहन र सञ्चय गर्नमा लागेका छन्,

(ग) फेला परेको औषधि रोक्का वा कब्जा गर्नु परेकोमा त्यसरी रोक्का वा कब्जा गर्नु परेको कारण,

(घ) औषधिको नमूना लिनु परेकोमा सो लिनु परेको कारण,

(ङ) औषधि रोक्का राख्दा वा औषधिको नमूना लिंदा के कति औषधि कुन रूपमा भाँडोमा राखी सीलबन्दी गरिएको छ र त्यस्तो भाँडो के कति कामको लागि कस-कसलाई दिएको छ ।

१३. निरीक्षकलाई खटाउँदा परिचयपत्र दिनेः विभागले निरीक्षकलाई खटाउँदा अनुसूची– १ बमोजिमको ढाँचाको परिचयपत्र दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. सीलबन्दी गरिएको भाँडो विश्लेषककहाँ पठाउनेः यस नियमावली बमोजिम औषधिको नमूना राखी सीलबन्दी गरिएको भाँडो कुनै विश्लेषककहाँ पठाउँदा देहायबमोजिम गरी अनुसूची– २ बमोजिमको ढाँचाको फाराममा भरी पठाउनु पर्नेछ र यसरी नमूना पठाउँदा हुलाक वा यातायातको कुनै साधनद्वारा पठाउन सकिनेछः–

(क) भाँडोलाई सुरक्षितसाथ प्याकिङ्ग गरी धागोले बाँधी त्यसरी धागो बाँधिएको चार ठाउँमा आफ्नो नाउँको छाप स्पष्ट बुझिने गरी सीलबन्दी गर्ने वा विश्लेषकको शर्त वा प्रचलित कानून बमोजिमको तरीकाबाट सीलबन्दी गर्ने,

(ख) सीलबन्दी गरी प्याकिङ्ग गरिएको भाँडोको बाहिरी आवरणमा औषधिको नाम, परिमाण तथा सांकेतिक संख्या समेत स्पष्ट उल्लेख गर्ने ।

१५. औषधिको नमूनाको परीक्षण वा विश्लेषणः (१) यस नियमावली बमोजिम औषधिको परीक्षण वा विश्लेषणको लागि पठाइएको भाँडो प्राप्त भएपछि विश्लेषकले त्यस्तो भाँडो र प्याकिङ्गको बाहिरी आवरणमा लागेको सीलबन्दी समेत ठीक छ छैन जाँची त्यसको अभिलेख राखी प्याकिङ्ग र भाँडोलाई खोल्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम भाँडो खोली सकेपछि औषधिको नमूना विश्लेषकले परीक्षण वा विश्लेषण गरी त्यसको प्रतिवेदन अनुसूची–३ बमोजिमको ढाँचामा व्यवस्थापककहाँ पठाउनु पर्नेछ ।

१६. औषधिको नमूनाको पुनः परीक्षण वा विश्लेषण गर्न सकिनेः (१) ऐनबमोजिम सजाय हुने कसूरको मुद्दासित सम्बन्धित औषधिको नमूना पुनः परीक्षण वा विश्लेषण गराउन औषधिधनीले चाहेमा निजले आफूसँग रहेको त्यस्तो औषधिको भाँडोसहित मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेपछि मुद्दा हेर्ने अधिकारीले पुनः परीक्षण वा विश्लेषण गराउन मनासिब ठहराएमा त्यस्तो निवेदनसाथ प्राप्त भएको भाँडोलाई कुनै विश्लेषककहाँ पठाउनेछ र त्यसको सूचना विभागलाई दिनेछ ।

(३) उपनियम (२) बमोजिम पठाइएको औषधिको भाँडो प्राप्त भएपछि विश्लेषकले औषधिको नमूना परीक्षण वा विश्लेषण गरी त्यसको नतीजा अनुसूची–३ बमोजिमको ढाँचामा विभागमार्फत सम्बन्धित मुद्दा हेर्ने अधिकारीकहाँ पठाउनेछ ।

१७. पुनः परीक्षण वा विश्लेषणको लागि लागेको खर्च औषधिधनीले व्यहोर्नेः नियम १६ अन्तर्गत कुनै औषधिको परीक्षण वा विश्लेषण गर्दा लागेको खर्च सम्बन्धित औषधिधनीले व्यहोर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९८०

१८. अनुसन्धानशाला वा प्रयोगशालालाई मान्यता दिने: (१) ऐन र यस नियमावली बमोजिम कुनै औषधि विश्लेषकबाट परीक्षण वा विश्लेषण गराउने प्रयोजनको लागि श्री ५ को सरकारले कुनै स्वदेशी वा विदेशी अनुसन्धानशाला वा प्रयोगशालालाई मान्यता दिनु परेमा औषधि परामर्श परिषद्को परामर्श लिई त्यस्तो मान्यता दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको कुनै अनुसन्धानशाला वा प्रयोग शालाको मान्यतालाई रद्द गर्न आवश्यक परेमा श्री ५ को सरकारले औषधि परामर्श परिषद्को परामर्श लिई त्यस्तो मान्यता रद्द गर्न सक्नेछ ।

१९. व्यवस्थापकको काम, कर्तव्य र अधिकार: ऐन र यस नियमावली अन्तर्गत गर्नु पर्ने कामहरूको अतिरिक्त व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहायका समेत हुनेछन्:–

(क) ऐनको दफा २० को उपदफा (४) बमोजिम रद्द गर्न आफूले दिएको आदेशउपर परेको उजूरका सम्बन्धमा श्री ५ को सरकारले दिएको निर्णयलाई कार्यान्वयन गर्ने, गराउने ।

(ख) आवश्यक देखेमा निरीक्षकको काम कारवाही सम्बन्धमा जाँचबुझ गर्ने ।

(ग) कुनै एक क्षेत्रको निरीक्षकले गर्नु पर्ने काम कारवाही अर्को क्षेत्रको निरीक्षकद्वारा गराउने ।

(घ) निरीक्षकलाई आफ्नो सामान्य नियन्त्रणमा राखी निजले गर्नु पर्ने काम कारवाहीका सम्बन्धमा निर्देशन दिने ।

(ङ) श्री ५ को सरकारबाट तोकेको अन्य कामहरू ऐन र यस नियमावलीको अधीनमा रही गर्ने ।

२०. रोक्का वा कब्जा भएको औषधि फुकुवा गर्ने: रोक्का वा कब्जा गरिएको कुनै औषधिको नमूनालाई परीक्षण वा विश्लेषण गर्दा विश्लेषकले सो औषधि जनसुरक्षित, असरयुक्त र गुणयुक्त छ भन्ने ठहराएमा व्यवस्थापकले रोक्का वा कब्जा भएको औषधि फुकुवा गर्नेछ ।

२१. निरीक्षकलाई बाधा विरोध गर्न नहुने: निरीक्षकले नियम ३ बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा निजलाई औषधिधनी, निजको प्रतिनिधि वा अरू कसैले बाधा विरोध गर्न हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१
(नियम १३ सँग सम्बन्धित)
श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
औषधि व्यवस्था विभाग
परिचयपत्र

नं. :
निरीक्षकको नाम र थर:
सही:
मिति:

निरीक्षकको फोटो
(दुवैपट्टिको कान देखिने
पासपोर्ट साइजको)

औषधि ऐन, २०३५ र औषधि जाँचबुझ तथा निरीक्षण नियमावली, २०४० बमोजिम देहायको क्षेत्रको लागि देहायको मितिदेखि अर्को आदेश नभएसम्म निरीक्षक भै काम गर्न तपाईंलाई खटाइएको छ:–

| क्षेत्र | मिति | खटाउने अधिकारीको | | |
|---|---|---|---|---|
| | | कार्यालयको नाम | नाम र थर | सहि र मिति |
| | | | | |

द्रष्टव्य:

१. उपरोक्त खटाइएको क्षेत्रको कुनै ठाउँमा गई निरीक्षण, जाँचबुझ र खानतलासी गर्दाको समयमा निरीक्षकसँग यो परिचयपत्र साथमा रहेको हुनुपर्दछ र त्यस्तो ठाउँमा सम्बन्धित व्यक्तिले हेर्न चाहेमा निजलाई यो परिचयपत्र निरीक्षकले देखाउनु पर्नेछ ।

२. कुनै पनि अवस्थामा यो परिचयपत्र अरू कुनै व्यक्तिलाई दिन वा प्रत्यायोजन गर्न पाइनेछैन ।

३. कुनै कारणवस निरीक्षकले आफ्नो पद छोडेमा वा निरीक्षकलाई आफ्नो पदबाट हटाइएमा यो परिचयपत्र निजले अविलम्ब विभागमा फिर्ता बुझाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

(नियम १४ सँग सम्बन्धित)

औषधिको नमूना पठाएको फाराम

पत्रसंख्याः

श्री .............................

........................................

औषधि ऐन, २०३५ र औषधि जाँचबुझ तथा निरीक्षण नियमावली, २०४० बमोजिम सीलबन्दी भएको भाँडोभित्र राखिएको औषधिको नमूना परीक्षण वा विश्लेषणको लागि देहायबमोजिम विवरणहरू उल्लेख गरी यसै साथ पठाइएको छ । सो भाँडो प्राप्त हुँदाको अवस्था र औषधिको परीक्षण वा विश्लेषणको नतीजाको प्रतिवेन श्री ........ कहाँ पठाई दिनु हुन अनुरोध गर्दछु ।

१. सीलबन्दी भएको भाँडोको संख्याः
२. औषधिको नाम र परिमाणः
३. अभिलेखमा दरिएको औषधिको नमूनाको क्रमसंख्याः
४. प्याकिङ्गको बाहिरी आवरणमा लेखिएको सांकेतिक संख्याः
५. भाँडो र प्याकिङ्गको बाहिरी आवरणमा लगाइएको सीलबन्दीको नमूनाः
६. औषधिको नमूना लिएको मिति र स्थानः
७. परीक्षण वा विश्लेषण गर्नु पर्ने कुराहरूः
८. अन्य कुनै कुरा खुलाउन आवश्यक भए सो कुराहरूः

कार्यालयको नामः — निरीक्षकको:–

कार्यालयको छापः — सहीः

मितिः — नाम र थरः

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9600

अनुसूची–३

(नियम १५ को उपनियम (२) र नियम १६ को उपनियम (३) संग सम्बन्धित)

परीक्षण वा विश्लेषण नतीजाको प्रतिवेदन

यो प्रमाणित गरिन्छ कि श्री ... ............... बाट परीक्षण वा विश्लेषणको लागि पत्रसंख्या ........ ..... र मिति ....... को पत्रसाथ पठाएको क्रमसंख्या ... ....... .. साँकेतिक संख्या ...... .. को औषधिको नमूना ............ राखिएको भाँडोसंख्या .... मिति ........ मा प्राप्त भयो र सो भाँडो प्राप्त हुँदाको अवस्था र खोली सकेपछि प्राप्त औषधिको परीक्षण वा विश्लेषण गरेपछि देखिएका नतीजाहरू समेत देहायबमोजिमका छन् ।

१. भाँडो र प्याकिङ्को बाहिरी आवरणमा भएको सीलबन्दीको अवस्था:

२. परीक्षण वा विश्लेषण गर्दा अपनाइएका विधि:

३. परीक्षण वा विश्लेषण नतीजा :

४. परीक्षण वा विश्लेषण नतीजाबारे आफ्नो मन्तव्य:

अनुसन्धानशाला वा प्रयोगशालाको नाम:

" " छाप:

" " ठेगाना:

विश्लेषकको:–

सही:

नाम र थर :

दर्जा:

मिति:

आज्ञाले,

एमरल्ड ज. ब. राणा

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी विभिन्न मिति मितिका निर्णयानुसार गठन भई कार्यरत रहेका कन्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, बाँके, बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, नवलपरासी, रूपन्देही, कपिलवस्तु जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति, मोरङ, सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति र झापा जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिका अध्यक्षहरूले उक्त समितिहरू कार्यरत रहेसम्म आ-आफ्नो क्षेत्रमा सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को खण्ड (क) को कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्न पाउने गरी मिति २०३६।१०।१२ को निर्णय अनुसार अधिकार प्रदान गरेको छ ।

आज्ञाले,
एमरल्ड ज. ब. राणा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9602

श्री ५ को सरकार

## बन तथा भू-संरक्षण मन्त्रालयको

## सूचना

२०३३ असाढ ३१ खण्ड २६ अतिरिक्ताङ्क ६ + ख को राजपत्रको पृष्ठ १०१ मा प्रकाशित यस मन्त्रालयको सूचनामा उल्लेख भएका पृष्ठ १०२ को पदसंकेत नं. व. ०६।१, व. ०६।२, व. ०६।३ पृष्ठ १०३ नं. ६ व. व. वि. ०६।६ पृष्ठ १०५ को सि. नं. ३३ र ३४ को व. व. वि. ०८।३३, व. व. वि. ०८।३४ पृष्ठ १०६ को व. व. वि. ०७।१ देखि ०७।८ का सबै पदसंकेत खारेज गरी सोको सट्टा देहायबमोजिम पदसंकेत कायम गरिएको हुँदा नेपाल वन सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ को उप-नियम (४) र (५) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | पदसंकेत | कार्यालयको नाम | निर्धारित | | | | पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पदनाम | सेवा | समूह । उप-समूह | श्रेणी | | |
| १. | व.मं. ०६।१ | वन तथा भू-संरक्षण मन्त्रालय | रा. प. प्रथम प्रा. | वन | जनरल फरेष्ट्री | प्रथम | रिक्त | |
| २. | व.मं. ०६।२ | " | वन सल्लाहकार | वन | " | प्रथम | रिक्त | |
| ३. | व.मं. ०६।३ | " | प्रमुख अधिकृत, योजना शाखा | वन | " | प्रथम | श्री पुरुषोत्तम भक्त सिंह प्रधान | |
| ४. | व.मं. ०६।४ | " | इन्टेलिजेन्स अधिकृत | वन | " | प्रथम | रिक्त | |
| ५. | व.मं. ०६।५ | " | रा. प. प्रथम श्रेणी | वन | " | प्रथम | रिक्त | पूलतर्फ |
| ६. | व.मं. ०६।६ | " | रा. प. प्रथम श्रेणी | वन | फार्मेसी | प्रथम | डा. श्री अमीरबहादुर श्रेष्ठ | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
१६०३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. व.रा.व. सं.वि. ०६।१ | राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण विभाग | महानिर्देशक | वन | जनरल फरेष्ट्री | प्रथम | श्री विश्वनाथ उप्रेती | पद समूही-कृत नहुने पदाधिकारी मात्र। |
| १. व.रा.व. सं वि. ०८।१ | राष्ट्रिय निकुन्ज तथा वन्य-जन्तु संरक्षण विभाग | पारिस्थितिक अधिकृत | वन | जनरल फरेष्ट्री | द्वितीय | डा. श्री हेमन्तराज मिश्र | |
| २. व.रा.व. सं.वि. ०८।२ | " | वन्यजन्तु संरक्षण अधिकृत | वन | " | " | श्री उदयराज शर्मा | |
| ३. व.रा.व. सं.वि. ०८।३ | सगरमाथा राष्ट्रिय निकुन्ज | वन्यजन्तु संरक्षण अधिकृत | वन | " | " | रिक्त | |
| ४. व.रा.व. सं.वि. ०८।४ | शाही चितवन " " | " " | वन | " | " | श्री सनतकुमार ढुङ्गेल | |
| ५. व.रा.व. सं.वि. ०८।५ | लामटाङ राष्ट्रिय निकुन्ज | वन्यजन्तु संरक्षण अधिकृत | वन | जनरल फरेष्ट्री | द्वितीय | श्री तीर्थमान मास्के | |
| ६. व.रा.व. सं.वि. ०८।६ | शाही बर्दिया वन्यजन्तु आरक्ष कार्यालय | " " | वन | " | " | श्री रविबहादुर विष्ट | |
| १. व.रा.व. सं.वि. ०७।१ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | सहायक वन्यजन्तु संरक्षण अधिकृत | वन | जनरल फरेष्ट्री | तृतीय | श्री विजय कट्टेल | |
| २. व.रा.व. सं.वि. ०७।२ | " | " | " | " | " | श्री लक्ष्मी मानन्धर | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. व.रा.व. सं.वि. ०७१३ | „ | „ | „ | „ | „ | श्री माणिकराज शाक्य |
| ४. व.रा.व. सं.वि. ०७१४ | सगरमाथा राष्ट्रिय निकुन्ज | „ | „ | „ | „ | श्री मिंमा नोर्वु शेर्पा |
| ५. व.रा.व. सं.वि. ०७१५ | शाही चितवन राष्ट्रिय निकुन्ज कार्यालय | „ | „ | „ | „ | श्री रामप्रीत यादव |
| ६. व.रा.व. सं.वि. ०७१६ | लामटाङ राष्ट्रिय निकुन्ज | „ | „ | „ | „ | श्री सुरजप्रसाद श्रेष्ठ |
| ७. व.रा.व. सं.वि. ०७१७ | रारा राष्ट्रिय निकुन्ज कार्यालय | „ | „ | „ | „ | श्री ल्हाक्पा नोर्वु शेर्पा |
| ८. व.रा.व. सं.वि. ०७१८ | सेफोक्सुण्डो राष्ट्रिय निकुन्ज कार्यालय | वार्डेन अधिकृत | „ | „ | „ | श्री निमा वाङ्चु शेर्पा |
| ९. व.रा.व. सं.वि. ०७१९ | शाही बर्दिया वन्यजन्तु आरक्ष | „ | „ | „ | „ | श्री कृष्णमान श्रेष्ठ |
| १०. व.रा.व. सं.वि.०७११० | शाही शुक्ला फाँटा वन्यजन्तु आरक्ष कार्यालय | „ | „ | „ | „ | श्री श्यामसुन्दर बजिमय |

आज्ञाले,

एमरल्ड ज. ब. राणा

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।